" मीठे बच्चे– अब फर्केर घर जानु छ त्यसैले बाबालाई याद गर्ने र आफ्नो चरित्रलाई सुधार्ने मेहनत गर।"

प्रश्नः– अज्ञान निद्रामा सुताउने कुरा कुनचाहिँ हो? त्यसबाट के नोक्सान भएको छ?

उत्तरः– कल्पको आयु लाखौं वर्ष भन्नु, यो अज्ञान निद्रामा सुताउने कुरा हो। यसबाट ज्ञान नेत्रहीन भएका छन्। घरलाई धेरै टाढा सम्झन्छन्। बुद्धिमा छ– अझै लाखौं वर्ष छ, यहाँ नै सुख-दुःखको पार्ट बजाउनु छ। त्यसैले पावन बन्ने मेहनत गर्दैनन्। तिमी बच्चाहरूले जानेका छौ अहिले घर धेरै नजिक छ। अब हामी मेहनत गरेर कर्मातीत बन्नु छ।

ओम् शान्ति। प्यारा बच्चाहरूलाई अहिले बाबाले घरको याद दिलाउनु भएको छ। गर्न त भक्ति मार्गमा पनि घरलाई याद गर्छन् तर त्यहाँ जाने कहिले हो, कसरी जाने हो, त्यो केही पनि जानेका छैनन्। कल्पको आयु लाखौं वर्ष भनिदिएका हुनाले घर पनि भुलेका छन्। सम्झन्छन् लाखौं वर्ष यहाँ नै पार्ट बजाउँछौ त्यसैले घरलाई भुलिन्छ। अहिले बाबाले याद दिलाउनु हुन्छ– प्यारा बच्चाहरू! घर त धेरै नजिक छ, अब जान्छौ आफ्नो घरमा। म त तिमी बच्चाहरूले बोलाएर आएको हुँ। जान्छौ? कति सहज कुरा छ। भक्ति मार्गमा त थाहा पनि छैन कहिले मुक्तिधाममा जान्छौं। मुक्तिलाई नै घर भनिन्छ। लाखौं वर्ष भनिदिएकाले सबैले भुलेका छन्। बाबालाई पनि भुल्छन् भने घरलाई पनि भुल्छन्। लाखौं वर्ष भनिदिनाले धेरै फरक पर्न जान्छ। मानौं अज्ञान निद्रामा सुतेका छन्। कसैको पनि समझमा आउँदैन। भक्तिमार्गमा घर कति टाढा बताउँछन्। बाबा भन्नुहुन्छ– त्यो मुक्तिधाममा त अब जानु छ। तिमीले कहाँ लाखौं वर्ष भक्ति गरेका हौ र। तिमीलाई थाहा पनि छैन– भक्ति कहिलेदेखि सुरु भएको हो। लाखौं वर्षको हिसाब गर्नु पर्ने त आवश्यकता नै छैन। बाबालाई र घरलाई भुल्न पुग्छन्। यो पनि ड्रामामा निश्चित छ, तर व्यर्थैमा यति टाढा बनाइदिन्छन्। अब बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! घर त एकदम नजिक छ, अब म आएको छु तिमीलाई लैजान। घर जानु छ तर पवित्र त अवश्य बन्नुपर्छ। गंगा स्नान आदि त तिमीले गर्दै आयौ, तापनि पवित्र त बनेका छैनौ। यदि पवित्र बनेको भए घर जाने थियौ। घरको बारेमा पनि थाहा छैन भने पवित्रताको बारेमा पनि थाहा छैन। आधाकल्पदेखि भक्ति गरेका छन् त्यसैले भक्तिलाई छोड्दै छोड्दैनन्। बाबा भन्नुहुन्छ– अब भक्ति पूरा हुन्छ। भक्तिमा त धेरै दुःख हुन्छ। यस्तो होइन तिमी बच्चाहरूले लाखौं वर्ष दुःख देखेका छौ, लाखौं वर्षको त कुरै होइन। साच्चिकै दुःख त तिमीले कलियुगमा नै भोग्यौ, जब तिमी विकारमा धेरै गन्दा बन्यौ। पहिला जब रजोमा थियौ तब केही समझ थियो, अहिले त एकदम बेसमझ भएका छौ। अहिले बाबाले बच्चाहरूलाई भन्नुहुन्छ– सुखधाममा जानको लागि पावन बन। जन्म-जन्मान्तरको जुन पाप शिरमा छ, त्यसलाई यादबाट उतार। यादबाट धेरै खुशी रहन्छ। जुन बाबाले तिमीलाई आधाकल्प सुखधाममा लैजानुहुन्छ, उहाँलाई याद गर्नु छ। बाबा भन्नुहुन्छ– तिमीहरू यस्तो (लक्ष्मी-नारायण जस्तो) बन्नु छ भने एक त पवित्र बन, अनि चरित्र सुधार। विकारहरूलाई भनिन्छ भूत, लोभको भूत पनि कम छैन। यो भूत धेरै अशुद्ध छ। मनुष्यलाई एकदम गन्दा बनाइदिन्छ। लोभले पनि धेरै पाप गराइदिन्छ। ५ विकार धेरै कडा भूतहरू हुन्। यी सबैलाई छोड्नु छ। लोभलाई छोड्न पनि यस्तै मुश्किल छ जसरी कामलाई छोड्न मुश्किल छ। मोहलाई छोड्न पनि त्यति मुश्किल लाग्छ जति कामलाई छोड्न। छोड्दै छोड्दैनन्। सारा उमेर बाबाले सम्झाउँदै आउनु भएको छ तैपनि मोहको धागो जुटिरहेको हुन्छ। क्रोध पनि मुश्किलले छुट्छ। भन्छन्– बच्चाहरूसँग क्रोध आउँछ। नाम त क्रोधको लिन्छन् नि। कुनै पनि भूत नआओस्, तिनीहरूमाथि विजयी हुनु छ।

बाबा भन्नुहुन्छ– जबसम्म म हुन्छु तबसम्म तिमीले पुरुषार्थ गरिराख। बाबा कति वर्ष रहनुहुन्छ? बाबा यति वर्षदेखि बसेर सम्झाउनु हुन्छ, राम्रै समय दिनुहुन्छ। सृष्टि चक्रलाई जान्न त धेरै सहज छ। ७ दिनमा सारा ज्ञान बुद्धिमा आइहाल्छ। तर जन्म-जन्मान्तरको पाप काटिन समय लाग्छ। यसैमा मेहनत छ। त्यसको लागि बाबाले समय दिनुहुन्छ। मायाको अवरोध धेरै हुन्छ, एकदम भुलाइदिन्छ। यहाँ बस्दा पनि सारा समय यादमा कहाँ रहन्छन् र, धेरैतिर बुद्धि गइरहन्छ त्यसैले समय दिनुपर्छ, मेहनत गरेर कर्मातीत अवस्थामा पुग्नु छ। पढाइ त धेरै सहज छ। समझदार बच्चा रहेछ भने ७ दिनमा सारा ज्ञान बुझ्छ– यो ८४ को चक्र कसरी घुम्छ। तर पवित्र बन्न

मेहनत छ। यसैमाथि कति हंगामा हुन्छ। सम्झन्छन्– कुरा त ठीक हो हामीले ग्लानि गथ्यौं– यी ब्रह्माकुमारीहरूले भाइ-बहिनी बनाउँछन्, तर कुरा त वास्तवमा ठीक हो। जबसम्म हामी प्रजापिता ब्रह्माका बच्चा बनेका छैनौं तबसम्म पवित्र कसरी रहन सक्छौं, अपवित्र दृष्टिबाट पवित्र दृष्टि कसरी बनाउन सक्छौं। यो युक्ति धेरै राम्रो छ– हामी ब्रह्माकुमार-कुमारी हौं त्यसैले भाइ-बहिनी भयौं। यसबाट धेरै मदत मिल्छ, पवित्र दृष्टि बनाउनमा। ब्रह्माको कर्तव्य पनि छ नि– ब्रह्माद्वारा देवी-देवता धर्मको स्थापना अथवा मनुष्यलाई देवता बनाउनु।

बाबा आउनु हुन्छ नै पुरुषोत्तम संगमयुगमा त्यसैले सम्झाउनको लागि कति मेहनत गर्नुपर्छ। बाबाको परिचय दिनको लागि नै सेवाकेन्द्रहरू खोलिन्छ। बेहदका बाबाबाट बेहदको वर्सा लिनु छ। भगवान त हुनुहुन्छ निराकार। कृष्ण त देहधारी हुन्, उनलाई भगवान भन्न सकिदैन। भन्ने पनि गर्छन्– भगवान आएर भक्तिको फल दिनुहुन्छ तर भगवानको परिचय छैन। तिमीले कति सम्झाउँछौ तैपनि बुझ्दैनन्। देहधारी त पुनर्जन्ममा अवश्य आउँछन्। अब उनीहरूबाट वर्सा मिल्न सक्दैन। आत्माहरूलाई एक परमपिता परमात्माबाट वर्सा मिल्छ। मनुष्यले, मनुष्यलाई जीवनमुक्ति दिन सक्दैन। यो वर्सा पाउनको लागि तिमी बच्चाहरूले पुरुषार्थ गरिरहेका छौं। उहाँ बाबालाई पाउनको लागि तिमी कति भड्किन्थ्यौ। पहिला त केवल एक शिवको पूजा गथ्यौं, अन्त कहीं जाँदैनथ्यौ। त्यो थियो अव्यभिचारी भक्ति, अरू मन्दिर आदि त्यति थिएनन्। अहिले त धेरै चित्रहरू छन्, मन्दिर आदि बनाउँछन्। भक्ति मार्गमा तिमीले कति मेहनत गर्नुपर्छ। तिमीलाई थाहा छ– शास्त्रहरूमा कुनै गति-सद्गतिको मार्ग छैन, त्यो त एक बाबाले नै बताउनु हुन्छ। भक्ति मार्गमा कति मन्दिर बनाइरहन्छन्। वास्तवमा मन्दिर हुन्छन् केवल देवी-देवताहरूको मात्र, जो सत्ययुगमा रहन्छन्। अरू कुनै मनुष्यको मन्दिर बन्दैन किनकि मनुष्य त पतित छन्। पतित मनुष्यले पावन देवताहरूको पूजा गर्छन्। हुन त उनीहरू पनि मनुष्य हुन्, तर उनीहरूमा दैवीगुण हुन्छ, जसमा दैवीगुण छैन तिनीहरूले उनीहरूको पूजा गर्छन्। तिमी स्वयं नै पूज्य थियौ, फेरि पुजारी बनेका छौ। मनुष्यको भक्ति गर्नु यो ५ तत्त्वहरूको भक्ति गर्नु हो। शरीर त ५ तत्त्वले बनेको छ। अब बच्चाहरूलाई मुक्तिधाम जानु छ, जसको लागि यति भक्ति गर्यौं। अब आफ्नो साथमा लैजान्छु। तिमी सत्ययुगमा जान्छौ। बाबा आउनु भएको छ नै पतित दुनियाँबाट पावन दुनियाँमा लैजान। पावन दुनियाँ छन् नै दुई– मुक्ति र जीवनमुक्ति। बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! म कल्प-कल्प संगमयुगमा आउँछु। तिमीले भक्ति मार्गमा कति दुःख गर्छौ। गीत पनि छ नि– चारों तरफ लगाये फेरे... टाढा रह्यौ कोबाट? बाबाबाट। बाबालाई खोज्नको लागि जन्म-जन्म चक्कर लगायौ फेरि पनि बाबाबाट टाढा रह्यौ। त्यसैले बोलाउँछन्– हे पतित-पावन आउनुहोस्, आएर पावन बनाउनुहोस्। बाबा सिवाय अरू कसैले पावन बनाउन सक्दैन। यो खेल नै ५ हजार वर्षको हो। ड्रामा अनुसार हरेकले पुरुषार्थ गर्छन्, जसरी कल्प पहिला गरेका थिए, त्यसैगरी राजधानी स्थापना भइरहेको छ। सबैले एकनाश त पढ्दैनन्। यो पाठशाला हो नि। राजयोगको पढाइ हो। जो देवी-देवता धर्मका हुन् उनीहरू निस्किएर आउँछन्। मूलवतनमा पनि जुन संख्या छ, त्यो एकदम सही हुन्छ। घटी बढी हुँदैन। नाटकमा कलाकारको संख्या एकदम पूरा छ। तर बुझ्न सक्दैनन्। जति पनि छन्, त्यति एकदम दुरूस्त छन् फेरि पनि उनीहरू आएर पार्ट बजाउने छन्। फेरि तिमी आउँछौ नयाँ दुनियाँमा। बाँकी सबै त्यहाँ जान्छन्। अहिले कसैले गन्न चाह्यो भने गन्न सक्छन्। अहिले बाबाले तिमीलाई धेरै गुह्य कुरा बताउनु हुन्छ। सुरुको र अहिलेको पढाइमा कति फरक छ। पढाइमा समय लाग्छ। तुरुन्तै कोही आई.सी.एस. बन्न सक्दैन। नम्बरवार पढाइ हुन्छ। बाबाले कति सहजसँग सम्झाउनु हुन्छ, जसले गर्दा मनुष्यहरूको बुद्धिमा सहजै बस्न सकोस्। दिन-प्रतिदिन नयाँ-नयाँ प्वाइन्ट सम्झाइरहनु हुन्छ। बाबा भन्नुहुन्छ– म पतित-पावन बाबालाई बोलायौ, म आएको छु त्यसैले तिमी पावन बन। आफूलाई आत्मा सम्झेर म एकलाई याद गर्यौ भने तिमी सतोप्रधान बन्छौ। फेरि यहाँ आउनु पर्छ पार्ट खेल्न। बाबा भन्नुहुन्छ– आत्मा पतित बनेको छ त्यसैले पतित-पावन बाबालाई याद गर्छन् पावन बन्नको लागि। कति आश्चर्य छ– यति सानो आत्माले कति पार्ट खेल्छ, यसलाई अद्भुत भनिन्छ। त्यसलाई देख्न सकिदैन। कोही भन्छन्, मलाई परमात्माको साक्षात्कार होस्। बाबा भन्नुहुन्छ– यति सानो बिन्दुको तिमीले के साक्षात्कार गर्छौ? म जान्नलायक छु, तर देख्न त मुश्किल छ। आत्मालाई यी सबै कर्मेन्द्रियहरू मिलेका छन् पार्ट खेल्नको लागि। कति पार्ट खेल्छ, यो आश्चर्य छ। कहिल्यै पनि आत्मा खिइँदैन। यो हो अविनाशी ड्रामा। यो अविनाशी बनिबनाउ छ। कहिले बन्यो– यो सोध्न सकिदैन। यसलाई अनादि भनिन्छ। मनुष्यहरूलाई सोध, रावणलाई कहिलेदेखि जलाउँदै आएका हौं? शास्त्र कहिलेदेखि पढ्दै आएका हौं? भन्छन् अनादि हो, थाहा छैन।

अलमलिएका छन् नि। बाबा बसेर सम्झाउनु हुन्छ, हुबहु जसरी बच्चाहरूलाई पढाइन्छ।

तिमीलाई थाहा छ– हामी पूरै बेसमझ थियौं फेरि बेहदको समझ आएको छ। त्यो हो हदको पढाइ, यो हो बेहदको। आधाकल्प हुन्छ दिन, आधाकल्प हुन्छ रात। २१ जन्म तिमीले अलिकति पनि दुःख पाउन सक्दैनौ। भन्छन् नि– कतै तिम्रो रौं पनि नहल्लियोस्। कसैले दुःख दिन सक्दैन। नाम नै छ सुखधाम। यहाँ त सुख छँदै छैन। मूल कुरा हो पवित्रताको। चरित्र राम्रो चाहिन्छ नि।

बच्चाहरूलाई हरेक कुरा स्पष्ट सम्झाइन्छ। नोक्सान र फाइदा हुन्छ नि। अहिले त बाबा भन्नुहुन्छ– फाइदाको कुरा नै हरायो। अब त नोक्सान नै नोक्सान हुनु छ। विनाशको समय आइरहेको छ त्यस समय देख्ने छौ के-के हुन्छ। वर्सा भएन भने अन्न कति महंगो हुन्छ। जति नै भने पनि, ३ वर्षपछि धेरै अन्न हुने छ फेरि पनि अन्न बाहिरबाट मगाइरहन्छन्। यस्तो समय आउने छ, एक दाना पनि मिल्ने छैन। यति आपदहरू आउनु छ, यसलाई ईश्वरीय आपद भन्ने गर्छन्। वर्षा भएन भने अवश्य अकाल पर्नेछ। सबै तत्त्व आदि बिग्रन्छन्। धेरै ठाउँमा त वर्षाले नोक्सान गरिदिन्छ।

तिमी बच्चाहरूलाई थाहा छ– बाबाले आदि सनातन देवी-देवता धर्मको स्थापना गरिरहनु भएको छ। तिम्रो लक्ष्य-उद्देश्य हो यो, फेरि तिमीलाई नरबाट नारायण बनाउनु हुन्छ। यो बेहदको पाठ बेहदका बाबाले नै पढाउनु हुन्छ। जसले जस्तो पढ्छ, त्यस्तै पद पाउने छ। बाबाले त पुरुषार्थ गराउनु हुन्छ। पुरुषार्थ कम गर्यौं भने पद पनि कम पाउने छौ। शिक्षकले पनि विद्यार्थीलाई सम्झाउँछन् नि। अरूलाई जब आफू समान बनाउँछन्, तब थाहा हुन्छ यिनले राम्रोसँग पढ्छन् र पढाउँछन्। मुख्य हो नै यादको यात्रा, शिरमा धेरै पापको बोझ छ, मलाई याद गर्यौं भने पाप भस्म हुन्छ। यो हो रूहानी यात्रा। साना बच्चाहरूलाई पनि सिकाऊ– शिवबाबालाई याद गर। उनीहरूको पनि हक छ। आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्नु छ, यो त बुझ्न सक्दैनन्। केवल शिवबाबालाई याद गर्नेछन्। मेहनत गर्नाले उनीहरूको पनि कल्याण हुन सक्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) नरबाट नारायण पद प्राप्त गर्नको लागि बेहदका बाबासँग बेहदको पाठ पढेर अरूलाई पढाउनु छ। आफू समान बनाउने सेवा गर्नु छ।

२) लोभ, मोहको जुन स्वभाव छ त्यसलाई निकाल्ने मेहनत गर्नु छ। आफ्नो चरित्रलाई यसरी सुधार्नु छ जसबाट कुनै भूत भित्र प्रवेश हुन नपाओस्।

वरदानः– आफ्नो राज्य अधिकारी वा पूज्य स्व रूप को स्मृतिद्वारा दाता बनेर दिने सर्व खजानाले सम्पन्न भव

म पूज्य आत्मा अरूलाई दिनेवाला दाता हुँ, लेवता होइन, देवता हुँ– यो स्मृति सदैव रहोस्। जसरी बाबाले तिमीहरू सबैलाई आफै दिनुभयो त्यसैगरी तिमी पनि मास्टर दाता बनेर दिंदै जाऊ, नमाँग। आफ्नो राज्य अधिकारी वा पूज्य स्वरूपको स्मृतिमा स्थित होऊ। आज सम्म पनि तिम्रो जड चित्र सँग गएर माग्ने गर्छन्, भन्दछन्– हामीलाई बचाउनुहोस्। त्यसैले तिमी बचाउनेवाला हौ, बचाऊ-बचाऊ भन्नेवाला होइन। तर दाता बन्नको लागि याददद्वारा, सेवाद्वारा, शुभ भावना, शुभ कामनाद्वारा सर्व खजानामा सम्पन्न बन।

स्लोगनः– चलन र चेहराको प्रसन्नता नै रूहानी व्यक्तित्वको निशानी हो।